याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)

थर्पु, पाँचथर

सूचना नं. :– ६४२०७९/०८०

मिति : २०८०/०३/२१

## विषय : सामाजिक सुरक्षा भत्ता सम्बन्धि सूचना ।

यस याङवरक गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता तेस्रो त्रैमासिक सम्मको निकाशा भई वितरण समेत भईसकेको र चौथो त्रैमासिक भत्ताको अपुग थप रकम रु ९९,१४,८३२।० व्यवस्थापनको लागी यस गाउँपालिकाको च.नं. १८०९ मिति २०८०/०२/०८ को पत्रबाट श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा लेखि पठाइएको छ । विभागबाट मिति २०८०/०२/१८ गते थप भत्ता निकाशाको लागी अर्थ मन्त्रालयमा निर्णय गरी पठाइएकोमा उक्त थप रकम हाल सम्म पनि प्राप्त नभएको र मौजाद रकमबाट अतिअसक्त अपाङ्गता भत्ता ७४ जना दलित जेष्ठ ६३ जना र दलित वालवालिका ७१ जनालाई जम्मा रु १०,७३,१३७।० मिति २०८०/०३/०८ गते नै EFT मार्फत सम्बन्धित लाभग्राहीहरुको खातामा जम्मा गरिएकोमा २९ जनाको खातामा रकम जम्मा हुन नसकी फिर्ता आएको र वाँकी लाभग्राहीहरुको बजेट निकाशा नभएको कारण सामाजिक सुरक्षा भत्ता निकाशा गर्न नसकिएको साथै अर्थ मन्त्रालयबाट बजेट प्राप्त हुनेसाथ सबै लाभग्राहीहरुको खातामा भत्ता रकम जम्मा गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

...............

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत